**भारतीय राजदूतावास**

**काठमाडौं**

*********

**<u>प्रेस विज्ञप्ति</u>**

**भारत सरकारको आर्थिक सहयोगमा निर्मित मदन भण्डारी स्मृति कलेजको हस्तान्तरण**

नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले भारत सरकारको आर्थिक सहयोगमा काठमाडौंस्थित मदन भण्डारी स्मृति कलेजका लागि निर्मित कलेज भवनको आज कलेज व्यवस्थापन समितिलाई हस्तान्तरण गर्नुभयो । उक्त हस्तान्तरण समारोहमा नेपाल सरकारका पूर्व परराष्ट्र मन्त्री एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष श्री महेन्द्र बहादुर पाण्डे, मदन भण्डारी फाउण्डेसनका अध्यक्ष श्रीमती उषाकिरण भण्डारी र काठमाडौं जिल्ला समन्वय समितिका अध्यक्ष श्री सन्तोष बुढाथोकीको उपस्थिति थियो ।

२. 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत यस कलेज भवनको निर्माण उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा कूल नेरु २.८६४ करोडको लागतमा भएको हो ।

३. स्थापनाकालदेखि नै यस कलेजले गुणस्तरिय शिक्षा प्रदान गर्दै आएको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस कलेजमा देशका विभिन्न जिल्लाका १५०० भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् । यस कलेजले विभिन्न विषयमा अध्यापन गराउदै आएको छ ।

४. सन् २००३ यता भारतले नेपालमा ५३५ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना सञ्चालन गरेकोमा ४७८ वटा परियोजना सम्पन्न भइसकेका छन् । ती मध्ये काठमाडौं जिल्लाका ४० वटा परियोजना समेत गरी बागमती प्रदेशमा १०४ वटा परियोजना रहेका छन् । यस बाहेक यस कलेजलाई प्रदान गरिएको एक स्कुल बस सहित भारत सरकारले हालसम्म काठमाडौंका विभिन्न अस्पताल, स्वास्थ्य चौकी एवम् शैक्षिक संस्थालाई ६८ वटा एम्बुलेन्स र ४६ वटा स्कुल बस उपहार स्वरुप प्रदान गरेको छ ।

५. यस परियोजनाको कार्यान्वयनले शैक्षिक पूर्वाधारको निर्माणमार्फत नेपाली जनताको उत्थानका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकारले पुर्याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

****

काठमाडौं, नेपाल

२०७९ फाल्गुण १५